मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १७१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ ७ गते बुधवार (Wednesday, May 20. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भा.रु : ४/-

सूचना

सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिस्कार ।
भ्रष्टाचारविरुद्ध शून्य
सहनशीलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

### झापामा १० जनामा कोरोना संक्रमित

# कचनकवल शिल, भारतबाट लुकिछिपी आउने बढे

**पार्थ मण्डल**

**भद्रपुर, जेठ ६।** भारतीय सीमावर्ती नाकासँग जोडिएको दक्षिणी झापाको कचनकवल गाउँपालिका शिल गरिएको छ । भारतबाट आएका नेपाली नागरिकमा कोरोना भाइरसको संक्रमण देखा पर्न थालेपछि गाउँपालिकाका पाँचवटा वडा शिल गरिएको कचनकवल गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले जानकारी दिए ।

कचनकवलका क्वारेनटाइनमा बसेकामध्ये १० जनालाई कोरोना संक्रमण देखिएको छ । सोमबार एक जना र मङ्गलवार ९ जनामा कोरोना देखिएपछि गाउँपालिकाले सो निर्णय लिएको अध्यक्ष आलमले बताए ।

गाउँपालिकाभित्र सात वटा वडा रहेको छ । त्यसमध्ये ५ वटा वडा भारतसँग जोडिएको छ । भारतसँग जोडिएको पाँचवटै वडा शिल गर्ने तयारी गरिसकेको उनले बताए । 'गाउँपालिकाको १, २, ३, ४ र ५ नम्बर वडा शिल गरिएको हो,' -अध्यक्ष आलमले भने- 'यी वडाहरू भारतसँग जोडिएकोले त्यहाँबाट लुकिछिपी नेपाली नागरिक भित्रिन नदिनलाई शिल गर्‍यौं ।' झापाका प्रमुख जिल्ला अधिकारी, सांसद, जनप्रतिनिधि, राजनीतिक दलसँग छलफल गरेर यस बारेमा थप निर्णय गरिने उनको भनाइ छ ।



प्रदेश सांसद वसन्त बानियाँले गाउँवासीलाई सुरक्षित गर्न गाउँपालिकाका सीमा क्षेत्र शिल गर्नुबाहेक अन्य विकल्प नरहेको बताए । 'गाउँवासीका सुरक्षाका लागि अहिले भारतबाट आउनेको संख्या यकिन गरी थप क्वारेन्टाइन बनाउने बारेमा गाउँपालिकासँग समन्वय गरिरहेका छौं,' -उनले भने । यता कोरोना नियन्त्रण तथा जिल्ला सुरक्षा समिति झापाले पनि कचनकवलको पाँचवटा वडा शिल गर्ने भनी निर्णय गरिसकेको झापाका एसपी कृष्णप्रसाद कोइरालाले जानकारी दिए ।

**पथरिया माविको क्वारेनटाइन शिल**

गत शनिवार भारतको मुम्बई र दिल्लीबाट आएका ३३ जना नेपाली नागरिकलाई पथरिया माविमा बनाइएको क्वारेन्टाइनमा राखिएको छ । उनीहरू सबैको स्वाब पीसीआर परीक्षणका लागि कोशी अस्पताल विराटनगर पठाइएकोमा १० जनाको रिपोर्ट कोरोना पोजेटिभ आएको हो ।

अरूको रिपोर्ट पनि आउने क्रममा छ । सोमबार साँझ एक कोरोना सङ्क्रमित पुरुषलाई कोशी अस्पताल उपचार लागि पठाइसकेको र मङ्गलवार थप ९ जनालाई कोशी अस्पताल पठाइएको अध्यक्ष आलमले बताए । 'पथरिया माविमा राखिएका व्यक्तिहरूमा कोरोना देखापर्न थालेपछि त्यहाँको क्वारेनटाइन शिल गर्न लागेको हो'- उनले भने -'अब भारतबाट आउने नागरिकलाई अन्यत्र राखिने तयारी भइरहेको छ ।' त्यसका लागि केचनाको महेन्द्ररत्न माविमा एक सय बेडको थप क्वारेन्टाइन बनाउने काम शुरु भइसकेको उनले बताए । पथरिया माविमा ३३ र लक्ष्मीप्रसाद देवकोटा माविको क्वारेनटाइनमा एक महिला गरी ६४ जना रहेका छन् । जम्मा गाउँपालिकामा ९७ जनालाई क्वारेनटाइनमा राखिएको थियो । उनीहरू सबै भारतका विभिन्न राज्यबाट रेल, ट्रक चढेर आएका हुन् ।

यता लक्ष्मीप्रसाद देवकोटा माविको क्वारेन्टाइनमा बसेकाहरुको पनि स्वास्थ्यकर्मीको टोली स्वाब संकलन गरिरहेका छन् ।

**खुल्ला सीमाले थप चुनौति**

कचनकवलको पाँच वटा वडा भारतको विहार राज्यस्थित किशनगञ्ज जिल्लासँग जोडिएको छ । खुल्ला सीमा कारण भारतबाट लुकिछिपी नेपाली नागरिक आउने क्रम जारी छ । भारतमा रेल खुलेपछि यहाँका बासिन्दा धमाधम स्वदेश फर्किन थालेका छन् । बोर्डरसम्म आइपुगेका नेपालीहरूलाई भारतीय एसएसबीले पनि नेपाल प्रवेश गर्न दिइरहेको बताउँदै गाउँपालिका अध्यक्ष आलमले भने- 'यसले सीमामा थप चुनौति देखिएको छ । भारतीय सुरक्षाकर्मीले रोकेका भए, यस्तो समस्या आउँदैन थियो । नेपाल प्रवेश गरेपछि उनीहरूलाई यहाँ ल्याएर राख्नु पर्ने नै हुन्छ । चारदिनको अवधिमा मात्र ९६ जना प्रवेश गरेका छन् ।'

केचना र पाठामारी सीमामा ५० जना नेपाली आएर बसेको जानकारी आएको उनले बताए । 'उनीहरूलाई अहिले नेपाली सुरक्षाकर्मीले सीमामै रोकेर राखेका छन् क्वारेन्टाइनको व्यवस्थापन भएपछि मात्र स्वास्थ्य जाँच गराएर उनीहरूलाई ल्याउँछौं'- उनले भने -'अरु पनि

(बाँकी अन्तिम पृष्ठमा)

## दूधेमा पनि 'होल्डिङ एरिया'

**शिवसताक्षी, जेठ ६।** लामो समयको लकडाउनका कारण भारतका विभिन्न ठाउँमा अप्ठेरोमा परेका नेपालीका लागि सीमासँग जोडिएको झापामा होल्डिङ एरिया निर्माण हुन थालेको छ ।

झापाको शिवसताक्षी नगरमा पनि बढीमा १ सय ५० का लागि होल्डिङ एरिया निर्माण हुने भएको हो । दूधेस्थित राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयको पूर्वाधारयुक्त भवनलाई होल्डिङ एरिया निर्माण गर्न लागिएको शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्माले बताए ।

शिवसताक्षी नगरकार्यपालिकाको बैठकले दूधेको उक्त सामुदायिक विद्यालयलाई होल्डिङ एरिया निर्माणका लागि निर्णय गरेको थियो । मंगलबार नगर स्तरीय सर्वदलीय समन्वय

(बाँकी अन्तिम पृष्ठमा)

## छोरीद्वारा बुबाको हत्या

**इलाम, जेठ ६।** इलाममा एक युवतीले आफ्नै बुबाको हत्या गरेकी छन् । इलाम देउमाई नगरपालिका-६ शान्तिडाँडाकी सुष्मा राईले बुबा फुलबहादुर राईको हत्या गरेकी हुन् ।

शान्तिडाँडाको गोरेडाँडा निवासी ५२ वर्षीय बुबा फुलबहादुरको करिब २५ वर्षीया छोरी सुष्माबीच झगडा भइरहने गरेको स्थानीयवासीको भनाइ उद्धृत गर्दै इलाका प्रहरी कार्यालय मङ्गलबारेका प्रहरी निरीक्षक राजकिशोर शाहले जानकारी दिउ । उनका अनुसार रातको समयमा झगडा हुँदा छोरीले नै हत्या गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

घरमा जेठी छोरी सुष्मा साथै उनका बुबा र आमा मात्र रहेको अवस्थामा राति खाना खाइसकेपछि पनि झगडा भएको थियो । फुलबहादुरको टाउकोमा चोट देखिएको छ । टाउकोमा चिर्पट प्रहार गरेर हत्या गरेको हुनसक्ने बताइएको छ । 'गहिरो चोट नदेखिएका कारण धारिलो हतियार प्रयोग नभएको हो कि जस्तो छ, अनुसन्धान भइरहेको छ'- प्रहरी निरीक्षक शाहले भने । कान्छी छोरी र ज्वाइँसमेत शान्तिडाँडा घरमा आएको र झगडा भएपछि गाउँमा सुत्न गएको

(बाँकी अन्तिम पृष्ठमा)

## कुखुराले कुखुरा खाँदै, तीन करोडको कुखुरा जाममा

**फिदिम, जेठ ६ ।** लकडाउनका कारण पाँचथरमा अहिले कुखुराको मासु खपत नहुँदा कुखुरापालक कृषक तथा पोल्ट्रीफार्म डिलरहरु समस्यामा परेका छन् । लकडाउनको समयमा मात्रै रु. तीन करोडको कुखुरा अहिले जाममा परेको छ भने अर्कोतिर ती कुखुरालाई दिने दानाको समेत अभाव हुँदा कृषक र व्यवसायी मर्कामा परेका हुन् ।

फिदिम नगरपालिका-२ पल्लोटारका कृष्णमुरारी ओझाले लकडाउनको समयमा ब्रोइलर कुखुराको चल्ला लगाए । उनले लगाएको चल्ला ७५ दिनको भइसक्यो । फ्रेसहाउस नखोलिनु र मासुको खपत नभएपछि अहिले उनको मात्रै रु. १५ लाख बढीको कुखुरा अब खपत हुनेमा शङ्कै छ । उनी भन्छन् -अब बैंकको ऋणको किस्ता कसरी तिर्ने, अवस्था यस्तो भयानक भयो, अब यसतर्फ राज्यको पनि ध्यान पुगोस् ।

यस्तै फिदिम-४ थाक्लेमा केशव खनालले लगाएको एक हजार एक सय कुखुरामा अहिले दानाको अभाव र समयमै कुखुरा नउठाइदिँदा कुखराले कुखुरालाई नै ठुँगेर र चारो खान नपाएर ३ सय ५० भन्दा बढी कुखुरा मरिसकेका छन् । रु. १० लाखको कुखरा लगाइयो, अब बैंकबाट ऋण लिएर लगाएको कुखुरा नउठाइदिँदा त्यो पैसा कसरी तिर्ने कुनै उपाय छैन, यसका लागि सम्बन्धित निकायले हामीलाई पनि हेरिदिनुपर्यो- खनालले भने ।

उनीहरू त प्रतिनिधि पात्र मात्रै हो, उनीहरूजस्ता धेरै कृषकले लगाएको कुखुरा अहिले जाममा परेको छ । चल्ला लगाएको ४५ दिनदेखि ५० दिनभित्रमा कुखुराको चल्ला उठाइसक्नुपर्ने हुन्छ तर अहिले सय दिन कटेको कुखुरा पनि डिलर्सले उठाउन सकेका छैनन् जसका कारण पाँचथरमा मात्रै रु. तीन करोड बढीको कुखुरा अहिले खपत हुन नसकेको पोल्ट्री हाउस सञ्चालक बताउँछन् ।

पाथीभरा पोल्ट्रीफार्मका सञ्चालक कुमार खरेलले भने -चारो झापाबाट ल्याउनुपर्ने हो, नियमितरूपमा ल्याउन सकिएको छैन, ल्याएको चारो सबै कुखुरापालक कृषकलाई पुर्‍याउन सकिएको छैन, कुखुराको खपत छैन, लकडाउनका कारण फ्रेसहाउस बन्द छन्- पोल्ट्री सञ्चालक, कुखुरापालक कृषक मर्कामा परेका छन् ।

यसअघि दैनिक ५ सयभन्दा बढी कुखुरा सदरमुकाम फिदिममा मात्रै खपत हुने गरेको थियो । अहिले पाँचवटासम्म कुखरा बिक्री हुने अवस्था नभएको फ्रेसहाउसहरु बताउँछन् । अब राज्यले क्षतिपूर्ति दिनुपर्ने तथा बिनाब्याज ऋण उपलब्ध गराउनुपर्ने कुखुरापालक कृषकको माग छ । कुखुरापालक कृषक अहिले दोहोरो मारमा परेका छन् एकातिर डेढ महिनामा उठाउनुपर्ने कुखुरा तीन महिनामा पनि डिलरले उठाउन सकेको छैन भने अर्कोतिर कुखुराको वजन निरन्तर घट्ने भएको हुँदा कृषक दोहोरो मारमा परेका हुन् । अब यी कुखुराको मासु खपत भइसक्न लकडाउन खुलेर सहज परिस्थिति भयो भने पनि झण्डै दुई महिना लाग्ने पोल्ट्रीफार्म डिलर्सहरु बताउँछन् ।




## मेचीनगरका सहकारी दैनिक दुईघण्टा सञ्चालन

**मेचीनगर, जेठ ६।** मेचीनगर नगरपालिकाक्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरु अब दैनिक दैनिक दुई घण्टा सञ्चालनमा आउने भएका छन् ।

आर्थिक विकास शाखा प्रमुख दीपेन्द्र कार्कीले विहान १० देखि मध्यान्ह १२ बजेसम्ममात्र मेचीनगर क्षेत्रभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुलाई सञ्चालन गर्न आग्रह गरेका छन् ।

नोवल कोरोना भाइरस कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा सामाजिक दुरी र सावधानी अप्नाएर सेवा प्रदान गर्न उनले आग्रह गरे । नगरपालिकामा हस्तानतरण नभएका तथा अन्य स्थानमासमेत कार्यक्षेत्र रहेका र विभिन्न वडामा सम्पर्क कार्यालय रहेका सहकारीहरुको हकमा जोर विजोर प्रणालीले सेवा सञ्चालन गर्नु पर्नेमा उनले जोड दिए ।

प्रकृति सुपारी सहकारी संस्था लि. मेचीनगर १, नवमुना कृषि सहकारी संस्था लि. मेचीनगर १, कृष्णथुम्की कृषि सहकारी संस्था मेचीनगर १,सहकारी चिया बगैचा लि. मेचीनगर २, दिङमालिङ बचत तथा ऋण सहकारी संस्था लि मेचीनगर २, सीमाना कृषि सहकारी संस्था मेचीनगर २, बौद्धमोड कृषि सहकारी संस्था मेचीनगर २, भृकुटी बचत तथा ऋण सहकारी संस्था लि मेचीनगर २, नयाँ तेलपानी महिला सुपारी सहकारी संस्था मेचीनगर -३ र पारखी चिया उत्पादन तथा प्रशोधन सहकारी संस्था मेचीनगर -४ हरेक महिनाको जोर गतेमा मात्र सञ्चालनमा आउने छन् ।

कृष्णनगर बचत तथा ऋण सहकारी संस्थामेचीनगर -१,संकल्प कृषि सहकारी मेचीनगर -१, लक्ष्मी संकल्प कृषि सहकारी मेचीनगर -१, साना किसान सहकारी मेचीनगर -२, उज्यालो वस्ती व्यवसायिक बचत तथा सहकारी मेचीनगर -२, प्रेरणा कृषि सहकारी मेचीनगर -२, बाहुनडाँगी सुपारी सहकारी मेचीनगर -२, नौलो सुपारी

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





**बजार अनुगमन गर्दै :** घरेलु तथा साना उद्योग कार्यालय झापाकी उद्योग अधिकृत दुर्गा वाँस्तोला बजार अनुगमनका क्रममा बिर्तामोड नगरपालिकामा रहेको एक किराना पसलमा मिसावट, मूल्यसूची र अखाद्य बस्तुका विषयमा जानकारी लिँदै अनुगमनका क्रममा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने खाद्यबस्तु बिक्री गर्ने पाँच पसललाई कारवाही गरिएको छ ।

**तस्वीरः सुरेन्द्र भण्डारी/पूर्वाञ्चल**

# बजारमै खानेपानीको समस्या

**खोटाङ, जेठ ६** जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा खानेपानीको समस्या भएको छ । दिक्तेलस्थित रत्नपार्कको किराँतचोकदेखि वेशक्याम्पसम्मको सडक ढलानको काम शुरु गरिएसँगै दिक्तेल बजारमा विस्तार गरिएको खानेपानीको पाइप मेशिनले चुँडाएपछि हप्ता दिनदेखि खानेपानीको समस्या आएको हो ।

मेशिन लगाएर सडक फराकिलो पार्ने क्रममा दिक्तेल बजारमा विस्तार गरिएको खानेपानीको पाइप विभिन्न ठाउँमा चुँडिएको छ । अव्यवस्थित तरिकाले सडक निर्माणको काम गरिँदा खानेपानीको पाइप टुक्रा-टुक्रा भएको र सडक निर्माण कम्पनीले पाइप मर्मतमा चासो नदिँदा समस्या भएको उपभोक्ताको आरोप छ ।

मेशिनले चुँडाएको पाइप जडान नगर्दा दिक्तेल बजारवासी स्थानीय घिमिरे धारा, पाल्ले धारा, मूल धारा तथा कुवाबाट जर्किन तथा ड्रममा बोकेर ल्याएको खानेपानी उपभोग गर्न बाध्य छन् । घरमा जडान गरिएको धारामा पानी नआएपछि सरकारले लागू गरेको बन्दाबन्दीको समयमा पनि स्थानीय बासिन्दा आसपासको धारा तथा कुवामा पुगेर ल्याएको पानी उपभोग गर्न बाध्य बनेका हुन् ।

मेशिनले चुँडाएको पुरानो खानेपानीको पाइप जडान गरेर पुनः सञ्चालनमा ल्याउने तयारी भइरहेको रम्बाखोला, माँझ खोला शहरी खानेपानी आयोजनाका सचिव नवराज जोशीले बताए । 'मेशिनले खानेपानीको पाइप चुँडाएपछि दिक्तेल बजारमा विस्तार गरिएका सबै धारामा हप्ता दिनदेखि पानी आएको छैन'- उनले भने -'घरघरमा नभई एक टोलमा एक ठाउँ पुऱ्याउने गरी मर्मतको काम भइरहेको छ ।'

दिक्तेल बजारमा पुरानो योजनाबाट करिब आठ सयवटा धारा जडान गरिएको छ । पन्ध्रवटा वडा रहेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको केन्द्रसमेत रहेको दिक्तेल बजारमा कहिले धारामा पानी नै नआउने, आइहाले पनि फोहर तथा दूषित पानी आउनेलगायत समस्या वर्षौंदेखि रहेको उपभोक्ताको गुनासो छ ।

यतिमात्र नभई उपभोक्ता समितिका पदाधिकारीले आफ्ना नजिकका केही व्यक्तिका घरमा तीन चारवटासम्म धारा बाँडेको र उनीहरुका धारामा चौबीसै घण्टा पानी आउने गरेको एक उपभोक्ताले आरोप लगाएका छन् । नाम नभन्ने शर्तमा उनले भने -'मैले दुई वर्षअघि एउटा धाराका लागि निवेदन दिएको थिएँ, अहिलेसम्म उपभोक्ता समितिले दिएको छैन ।' उनले थपे -'त्यस्ता उपभोक्ता समितिका पदाधिकारीलाई तत्काल कारवाही गरेर समानुपातिक तवरले वितरण गरिनुपर्छ ।'

दिक्तेल बजारमा देखिएको खानेपानीको समस्या समाधान गर्न नगरपालिकाको तर्फबाट पहल भइरहेको नगरप्रमुख दीपनारायण रिजालले बताए । दिक्तेल बजारमा लामो समयदेखि देखिएको खानेपानी समस्या समाधान गर्न नयाँ खानेपानी आयोजनाको काम शुरु गरिएको छ- उनले भने -'निर्माणाधीन अवस्थामा रहेको खानेपानी आयोजना सञ्चालनमा आएपछि यसअघि झेल्दै आइएको सबै समस्या समाधान हुन्छ ।'

दिक्तेल बजार र बाम्राङका स्थानीयवासीलाई स्वच्छ, सफा र गुणस्तरीय खानेपानी वितरण गर्ने लक्ष्यका साथ निर्माण शुरु गरिएको खानेपानी आयोजनाको जिम्मा आशिष निर्माण कम्पनीले लिएको छ । रु. २२ करोड ५५ लाख ५८ हजार लागतमा १८ महिनाभित्र सम्पन्न गर्ने गरी काम शुरु गरिएको आयोजनाको शिलान्यास गत चैत-२४ गते प्रतिनिधिसभा सदस्य विशाल भट्टराईले गरेका थिए ।

नेपाल सरकारको ७०, काठमाडौँ महानगरपालिकाको नगर विकास कोषमार्फत २० र उपभोक्ताको पाँच प्रतिशत लगानीमा आयोजनाको काम शुरु गरिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष धनकुमार जोशीले बताए । आयोजनामार्फत मुहान संरक्षण तथा नयाँ मुहान थप, ट्याङ्की निर्माण तथा घर घरमा नयाँ धारा विस्तार तथा धारामा मिटर जडानलगायत काम गरिने जनाइएको छ ।

# आयोगद्वारा सबै विज्ञापनका परीक्षा स्थगित

**झापा, जेठ ६ ।** लोकसेवा आयोगले कुनै पनि परीक्षा सञ्चालन नभएका सबै विज्ञापनका परीक्षा स्थगन गर्ने निर्णय गरेको छ ।

आयोगको सोमबार बसेको बैठकले कोरोना भाइरसका कारण दरखास्त सङ्कलन भइसकेका तर कुनै पनि चरणको परीक्षा कार्यक्रम सञ्चालन नभएका विज्ञापनमा सरकारबाट अर्को निर्णय भई नआएसम्मका लागि परीक्षा कार्यक्रम स्थगन गर्ने निर्णय गरेको आयोगका सहायक प्रवक्ता देवीप्रसाद सुवेदीले जानकारी दिए ।

आयोगले लिखित परीक्षा सम्पन्न भएका र अन्तर्वार्ता कार्यक्रममा प्रवेश गरिसकेका विज्ञापनको हकमा नयाँ कार्यतालिका निर्धारण गरी पछि प्रकाशन गर्ने निर्णय गरेको छ । यसैगरी आयोगले कुनै चरणको परीक्षा कार्यक्रम (प्रथम चरण परीक्षा/लिखित परीक्षा/प्रयोगात्मक परीक्षा आदि) पूर्ण वा आंशिकरूपमा सञ्चालन भएका विज्ञापनका हकमा स्थिति सामान्य भएपश्चात बाँकी सम्पूर्ण परीक्षाको नयाँ परीक्षा कार्यक्रम निर्धारण गरिने निर्णय गरेको सहायक प्रवक्ता सुदेवीले जानकारी दिए । यसअघि सरकारले कोरोना भाइरसका कारण गत वैशाख १४ गते सिर्जना भएको स्वास्थ्य-सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गर्दै आयोगबाट सञ्चालन हुने लिखित परीक्षा, अन्तर्वार्ता लगायतका सम्पूर्ण परीक्षा कार्यक्रम तथा विज्ञापनसमेत अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गर्न अयोगलाई अनुरोध गरे अनुसार आयोगले स्थगन गरेको थियो ।

उनका अनुसार आयोगको स्वीकृत वार्षिक कार्यतालिका बमोजिम विज्ञापन हुन बाँकी रहेका पदहरुको विज्ञापन प्रकाशनको कार्य हाललाई स्थगन गरेको छ । आयोगले गत फागुन २८ गते प्रकाशित राजपत्र अनङ्कित द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सोसरह पदका लागि भएका विभिन्न विज्ञापनमा दरखास्त लिने कार्य यही जेठ ९ गते शुक्रबारदेखि बन्द गर्ने निर्णय गरेको छ । दरखास्त बुझाइसकेका तर दरखास्त दस्तुर बुझाउन बाँकी उम्मेदवारका लागि स्थिति सामान्य भएपश्चात निश्चित अवधि तोकी दस्तुर बुझाउने प्रबन्ध गरिने उनले जानकारी दिए ।

उनका अनुसार न्याय सेवा आयोगको क्षेत्राधिकार भएका न्याय सेवाका पदका विज्ञापनको हकमा स्थिति सामान्य भएपश्चात नयाँ परीक्षा कार्यक्रम निर्धारण गर्ने भएको छ । यसैगरी आयोगले सुरक्षा निकाय तथा सङ्गठित संस्थाको लिखित परीक्षा स्थिति सामान्य भएपश्चात मात्र गर्ने भएको छ । आयोगले कुनै पनि चरणको परीक्षा कार्यक्रम (शारिरीक तन्दुरुस्ती परीक्षण, आइक्यू परीक्षा, प्रथम चरण परीक्षा, लिखित परीक्षा वा अन्य यस्तै प्रकारका परीक्षाहरु) भइसकेका वा परीक्षा प्रक्रियामा प्रवेश गरिसकेका निकाय/संस्थाका लिखित परीक्षा सञ्चालन हुन बाँकीको स्थिति सामान्य भएपश्चात नयाँ परीक्षा कार्यक्रम निर्धारण गरी सार्वजनिक गरिने सहायक प्रवक्ता सुदेवीले जानकारी दिए ।

उनले सम्बन्धित निकाय/संस्थाबाट विज्ञापन प्रकाशन गरिसकेको तर आयोगबाट परीक्षा कार्यक्रम निर्धारण हुन बाँकी रहेका निकाय/संस्थाका विज्ञापनको परीक्षा कार्यक्रम नेपाल सरकारबाट अर्को निर्णय भई नआएसम्मका लागि स्थगन गरिको बताए ।

## लागूऔषधसहित एक जना पक्राउ

**सुनसरी, जेठ ६।** सुनसरीको देवानगञ्ज गाउँपालिका-१ बाट लागूऔषधसहित १ जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय हरिनगराबाट खटिएको प्रहरी टोलीले हरिनगरा गाउँपालिका-१ लब्टोलियाबाट सोही नगरपालिका -७ का २१ बर्षीय भोला भनिने नरेशकुमार यादवलाई लागूऔषधसहित पक्राउ गरेको हो । पक्राउ परेका यादवको साथबाट अवैध लागूऔषध नुफिन-५८० एम्पुल, डाईजेल्याब -५६० एम्पुल र फेनारगन-५६० एम्पुल गरि जम्मा १७०० एम्पुल बरामद भएको छ । पक्राउ परेका यादवको सम्बन्धम थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# होटल व्यवसायी संघ झापामा इन्दिरा



**बिर्तामोड, जेठ ६।** होटल व्यवसायी संघ झापाको अध्यक्षमा पहिलोपटक महिलाले नेतृत्व सम्हालेकी छन् । संघको कार्यलय बिर्तामोडमा मंगलबार सम्पन्न सपथ ग्रहणपछि अध्यक्षमा इन्दिरा श्रेष्ठले नेतृत्व सम्हालेकी हुन् ।

संघको अधिवेश गत चैत ८ गते भएको थियो । संघको नवौं साधारण सभाले श्रेष्ठलाई सर्वसम्मत अध्यक्षमा चयन गर्दै होटल व्यवसायको क्षेत्रमा पहिलोपटक महिलाले नेतृत्व सम्हालेकी हुन् ।

तीन वर्षे कार्यकालका लागि सर्वसम्मतरुपमा चयन भएकी अध्यक्ष श्रेष्ठले विश्व नै कोरोना भाइरसको संकटमा गुज्रिरहेका बेला नेपालमा पनि होला व्यवसायीहरु अत्यन्त समस्यामा परेको उल्लेख गरिन् । यो कठिन अवस्थामा समेत महिलाले पनि नेतृत्व गर्न सक्छन् भन्ने विश्वासका साथ आफूलाई अध्यक्षको जिम्मेवारी प्रदान गरेकोमा सबैलाई धन्यवाद दिइन् ।

उनले व्यवासयीको समस्या, मजदुर तथा श्रमिकको पक्षमा काम गर्दै होटल व्यवसायलाई अझ ब्यवस्थित र मार्यादित बनाउन पहल गर्ने विचार ब्यक्त गरिन् । उनले सबै होटल ब्यवसायीहरुको साथ र सहयोगको अपेक्षा राख्दै सबैले हातेमालो गरेमा मात्रै गन्तव्यमा पुग्न सकिने विचार ब्यक्त गरिन् । लकडाउनका कारण आर्थिक क्षेत्र धरासायी बन्ने अवस्थामा पुगेका बेला सरकारले ब्यवसायीहरुलाई आर्थिक प्याकेज ल्याएर विशेष सहयोग गर्नु पर्ने उनको भनाइ छ ।

तीन बर्षे कार्यकालका लागि नव गठित समितिको बरिष्ठ उपाध्यक्षमा नरेश महरा, उपाध्यक्षमा रामकुमार प्रसाई, महासचिवमा शिवराज पौडेल, सचिवमा ब्याम ओली, कोषाध्यक्षमा रमेश थापा मगर चयन भएका छन् । सदस्यमा अनिता खनाल, मीनाकुमारी कोइराला, खड्कमान गुरुङ, निरज सिटौला, राजन गिरी, जयप्रकाश राई, अम्बिका पोखरेल, तीलक निरौला, नारायणप्रसाद खरेल रहेका छन् । सपथ ग्रहण कार्यक्रममा होटल ब्यवसायी संघ झापाका नि-वर्तमान अध्यक्ष भोला उप्रेतीले निर्वाचित कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिएका छन् ।

# कोरोना कोषमा ग्लोबल आइएमईको सहयोग



**बिर्तामोड, जेठ ६।** बिर्तामोड नगर पालिकाले स्थापना गरेको कोरोना संक्रमण राहत कोषका लागि राहत संकलन जारी रहेको छ । जस अन्तरगत बिर्तामोडस्थित ग्लोबल आइएमइ बैकले एक हजार केजी चामल प्रदान गरेको छ ।

४६ हजार मुल्य बराबरको चामल बिर्तामोडका गरिब तथा बिपन्न समुदायका लागि हस्तान्तरण गरिएको पबनकुमार पौडेलले बताए

बिर्तामोड नगरपालिकामा स्थापना भएको कोरोना संक्रमण राहत कोषमा हालसम्ममा १ करोड २४ लाखभन्दा बढी रकम तथा खाद्यान्न सामाग्री जम्मा भइसकेको छ भने दोस्रो चरणको राहत बितरण भइरहेकोछ ।

# 'जुनुको जुत्ता'लाई जर्मनीमा अवार्ड



नेपाली सर्ट फिल्म 'जुनुको जुत्ता'ले अन्तर्राष्ट्रिय अवार्ड जितेको छ । फिल्मले 'इन्टरनेशनल सर्ट फिल्म फेस्टिभल ओवरहोउसेन'को ६६औं संस्करणमा 'चिल्ड्रेन एण्ड युथ कम्पिटिसन' अन्तर्गत् 'स्पेसियल मेन्सन अफ द चिल्ड्रेन्स जुरी' अवार्ड पाएको हो ।

खबर निर्देशक केदार श्रेष्ठले पुष्टि गरे। फिल्मको यही फेस्टिभलमार्फत् अन्तर्राष्ट्रिय प्रिमियर भएको थियो।

'जुनुको जुत्ता'ले यसअघि अमेरिकाको लस एन्जेल्स इन्टरनेशनल फिल्म फेस्टिभलको 'इन्डि सर्ट फेस्ट'मा 'बेस्ट चिल्ड्रेन सर्ट फिल्म' अवार्ड जितेको थियो । सन् १९५४ देखि जर्मनीमा आयोजना हुँदै आएको इन्टरनेशनल सर्ट फिल्म फेस्टिभल ओवरहउसेन यसपटक कोरोना प्रभावका कारण अनलाइन संस्करण आयोजना भएको हो । 'जुनुको जुत्ता' जुत्ता' चप्पल उल्टो लगाउने सानी नानीको कथा हो। उनको वरिपरीका आमा, शिक्षक लगायतबाट चप्पल 'सुल्टो' नलगाउँदा गाली पाउँछिन् । र, चप्पल उल्टो नलगाउने उपायको खोजीमा लाग्छिन् ।

फिल्ममा ५ वर्षीय हिस्सी लामा, याङ्जी लामा शेर्पा, पासाङ ल्हमू लामा, खड्ककुमारी लगायतको अभिनय छ ।

## मेचीनगरका ...

उत्पादन तथा प्रशोधन सहकारी मेचीनगर -३, शुभ चिया किसान सहकारी मेचीनगर -४ र हात्ती किनारा चिया सहकारी मेचीनगर -२ ले हरेक महिनाको विजोर गते आफ्नो सेवा प्रदान गर्नेछन् ।

## कचनकवल ...

आउने क्रममा रहेको बुझिएको छ । लुकिछिपी आउनुभन्दा सम्पर्क गरेर मात्र आउन मेरो आग्रह छ ।' कोही लुकिछिपी गाउँघरमा प्रवेश गरिसकेका छन् भने वडा तथा गाउँपालिकाको सम्पर्कमा आउन उनले सबैसँग अनुरोध गरेका छन् । गाउँपालिकाका १० जना कोरोना संक्रमित फेला परेपछि प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरको नेतृत्वको टोली कचनकवल गएको थियो ।

सो टोलीले त्यहाँको क्वारेन्टाइन, सुरक्षा अवस्था र सीमाका बारेमा गाउँपालिका अध्यक्ष आलमसँग जानकारी लिएको बताइएको छ ।

## छोरीद्वारा ...

बताइएको छ । यसैबीच बुबाको हत्या गर्ने छोरी पक्राउ परेकी छिन् । बुबाको हत्या गरी फरार रहेकी सुष्मालाई प्रहरीले पक्राउ गरेको छ । उनलाई नजिकैको जङ्गलबाट प्रहरीले पक्राउ गरिएको थियो ।

इलाम सन्दकपुर गाउँपालिका-३ स्थायी घर भइ माइत देउमाई नगरपालिका-६ शान्तिडाँडामा बसोबास गर्दै आएकी सुष्माले घरायसी निहुँमा बुबाको हत्या गरेको बताइएको छ । सुष्माले बुबालाई टाउकोमा बञ्चरो प्रहार गरी हत्या गरेर फरार रहेकी थिइन् । जिल्ला प्रहरी कार्यालय इलाम र इलाका प्रहरी कार्यालय मङ्गलबारेको संयुक्त टोलीले खोज तथा अनुसन्धान गरी सुष्मालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए ।

उनका अनुसार घटनास्थलबाट दक्षिणतर्फको जङ्गलमा लुकेर बसेकी उनलाई प्रहरीले पक्राउ गरको छ । उनको साथबाट बञ्चरोसमेत नियन्त्रणमा लिइएको छ । सुष्मालाई जिल्ला प्रहरी कार्यालय इलामबाट कर्तव्य ज्यान मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## दूधेमा ...

समितिले पालिकाको निर्णयलाई ऐक्यबद्धता जनाएपछि होल्डिङ एरिया तय भएको हो । नगर प्रमुख शेर्माका अनुसार सुरक्षित एरिया र पूर्वाधार सम्पन्न भवन रहेको स्थानलाई होल्डिङ एरियाको रुपमा प्रयोगमा ल्याइन लागिएको हो ।

बैठकमा नेकपाका डिल्लीरमण खतिवडा, नेपाली कांग्रेसका पर्शुराम ढुंगाना, संघीय समाजवादीका जापान थेवे, लिम्बुवानका प्रकाश लिङ्देन, राष्ट्रिय जनमुक्ति पार्टीका झापा अध्यक्ष भवानी विक्रम सेलिङ, राप्रपाका मणी खपतरी खड्का, उद्योग बाणिज्य संघका शिवसताक्षी अध्यक्ष भोला मैनाली, सशस्त्र प्रहरीका प्रहरी नायव उपरीक्षक अशोक बस्नेत, इलाका प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कोमल ठाकुर लगायतको सहभागिता थियो ।

भारतबाट आएकाहरुलाई तत्काल होल्ड गरेर सुरक्षित साथ राखिने र स्वास्थ्य चेकजाँच गरी आवश्यकता अनुरुपको अन्य प्रकृयामा जाने गरी व्यवस्था मिलाइएको शिवसताक्षी नगरपालिकाले जनाएको छ । भारतबाट आएका नेपालीलाई गन्तव्य सम्म पुऱ्याउनका लागि होल्डिङ एरिया स्थापना गरेको झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले बताए । उनले सिमा र होल्डिङ एरियामा सुरक्षा सर्तकता समेत बढाइएको बताएका छन् ।

झापाका प्रहरी प्रमुख कृष्ण कोइरालाले भारतबाट आएका नेपालीलाई फिल्टर गरेर होल्डिङ एरियामा राखिने बताए । उनका अनुसार जिल्लाका मेचीनगर, भद्रपुर, विर्तामोड, शिवसताक्षी लगायतका पालिकामा होल्डिङ एरिया स्थापना भएका छन् । 'बढीमा ३ दिनसम्म भारतबाट आएकालाई होल्डिङ एरियामा राखिने छ । त्यसपछि यातायात लगायतका अन्य आवश्यक व्यवस्था गरेर उनीहरुको गृह पालिका सम्म पुर्याउने गरिन्छ'- उनले भने । काँकरभिट्टा नाका हुँदै झापाका होल्डिङ एरियामा १ हजार ५० जनालाई राखिने भएको छ ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा–९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)








श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# जोखिम जस्केलामा देखिँदैछ

उपस्थितिको संकेत मात्र दिएको कोभिड–१९ले आजदेखि खतराको घण्टी बजाउन शुरू गरेको छ। बाह्रदशी र दमकमा एक/एक जनामा रहेको यसको भाइरस मंगलबारसम्ममा अरू दशजनामा पुष्टि हुँदा त्यसले खतरामात्र होइन दुष्परिणामको समेत घण्टी बजाउन शुरू गरेको मान्नु पर्छ। दक्षिण–पूर्वको सीमान्त क्षेत्र कचनकबल गाउँपालिका खुल्ला सीमानाले भारतसँग जोडिएको छ। कोरोना पनि भनिने कोभिड–१९ को नियन्त्रण तथा रोकथामका लागि सरकारले प्रहरी चेकपोष्ट राखेर निगरानी गरिरहेको छ। सशस्त्र प्रहरी समेतको सुरक्षाकर्मीलाई सीमावर्ती क्षेत्रका भारतीयले आक्रमण प्रयास समेत गरेका थिए। त्यही क्षेत्रमा अहिले कोरोना संक्रमितको संख्या ह्वात्तै बढेको छ। तराईका निम्नवर्गीय युवाहरु रोजगारीको सिलसिलामा भारतका विभिन्न शहरमा जाने गरेका छन्। ती शहरहरू संक्रमणको चपेटामा पर्दै गएकाले त्यहाँबाट आउनेहरू उच्च जोखिममा छन्।

पछिल्लोपटक पहिचान भएकाहरू एकै ठाउँका भएकाले उनीहरूको सम्पर्कमा आएकाहरूको समेत पहिचान र परीक्षण तत्काल गरिहाल्नु पर्छ। समुदायमा संक्रमण नफैलियोस् त्यसतर्फ स्थानीय सरकारले साबधानी र सक्रियता बढाइहाल्नुपर्छ। भारतमा संक्रमित बढ्ने दर उच्च हुनुमा परीक्षणको तीब्रता हो भन्ने भुल्नु हुँदैन। यसले पहिचान सँगै प्रतिरक्षा र उपचारमा सहयोग पुग्ने हुँदा हाम्रा संयन्त्रहरू पनि गतिवान हुन जरूरी छ। यसका लागि जिल्ला प्रशासन, जिल्ला प्रहरी, स्थानीय सरकारसँगको समन्वयमा संक्रमितहरूको सम्पर्कमा आएकाहरूलाई परीक्षणको दायरामा ल्याइहाल्नुपर्छ। देश महामारीको भयावहतातर्फ उन्मुख भएको बेला सरकार दायाँ–बायाँको कुरामा अल्मलिएर बस्नु हुँदैन।

आज नेपाली जीवन भाइरसको प्रकोपले आक्रान्त छ। यद्यपि यो वैश्विक प्रकोप हो तर आर्थिक तथा भौतिकरूपले निर्वल रहेका कारण नेपालीका लागि यो प्रकोप बढी पीडादायी बन्ने निश्चित छ। भाइरसले आफ्नो शरीरमा घर नबनाओस् त्यसतर्फ साबधानी भएन भने स्वास्थ्य सेवाको पहुँच नहुँदा मृत्युवरण गर्न विवश भइन्छ। त्यसको सिलसिला पनि शुरू भइसकेको छ त्यसैले 'काल नपल्कियोस्' स्वयम्ले साबधानी अपनाउनुपर्छ। आफ्नो कारणले परिबार वा समुदायको जीवन जोखिममा नपरोस् सचेत हुनैपर्छ। हाम्रो सानो गल्ती, लापर्बाही र असाबधानी नै आफू र आफ्नो परिवारको असुरक्षाको कारण नहोस् गम्भीर हुनै पर्छ।

सरकार अभिभावक त हो तर केवल भावना र सुललित शब्दका लागि। व्यक्ति जब जीवन र मृत्युको दोसाँधमा पुग्छ तब कोही सहाय हुँदैन। ऊ त्यसै पनि अन्यान्य विवाद र अन्तरबिरोधको भूमरीमा छ। यही समय सीमा विवाद सतहमा आएको छ। भारतले अन्तर्राष्ट्रिय मान्यतासमेतको उपहास गर्दै नेपाली भूमिमाथि अतिक्रमण गरेको छ। राष्ट्र अनि जनताको रक्षा गर्ने, राष्ट्रिय अस्तित्व र सम्प्रभुता अक्षुण्ण राख्ने र नेपाली गौरव नयाँ पुस्तालाई हस्तान्तरण गर्ने सरकारको मूल दायित्व हो। विश्व शक्ति बेलायतसककग समेत युद्ध लड्न सक्ने पूर्खाको आँट, बहादुरी र स्वाभिमान साटेर आजपर्यन्त सुरक्षित नेपाली शान जोगाउँदै कोरोना नामको यो महामारीबिरूद्ध लड्ने पर्छ। त्यसका लागि सरकारले परीक्षणको गति बढाउँदै जनताको पक्षमा दूरगामी र दूरदर्शी निर्णय गरोस्। फजुल खर्च कटौती गरी जनताको जीवनको सम्मान गरोस् यो नै समयको माग हो।

# आफ्नो भूमि फिर्ता ल्याउन जनता जाग



नरेन्द्र ढकाल

> विगतमा गरिएका कतिपय सन्धि र सम्झौताकै कारण नेपालले भारतको हेपाहा प्रवृत्ति सहनुपरिरहेको छ। अब राष्ट्रियताको सवालमा सबै दलहरु एक ठाउँमा उभिन जरुरी छ। भारतलाई कश्मिरको जति माया छ त्योभन्दा धेरै माया नेपालीलाई नेपालको जमिनको छ भन्ने आभाष दिलाउन जरुरी छ।

सरकारले नेपालको नयाँ नक्सा सार्वजनिक गरेसंगै नेपालीमा गौरव र उत्साहको वातावरण सिर्जना भएको छ। यो कदम सकारात्मक भन्दै नागरिकले सरकारको तारिफ गरेका छन्। तर, सरकारलाई नक्सा सार्वजनिक गर्न जति सहज छ त्यो भन्दा कयौं गुणा असहज भूमि फिर्ता ल्याउन छ। त्यसैले अब भारतले सहज रुपमा नमानेको खण्डमा अन्तर्राष्ट्रिय अदालतमा गएर भए पनि नेपालको भूमि फिर्ता गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालीको बहादुरी प्रर्दशन गर्ने सुनौलो मौका आएको छ।

भारत पूर्वको ताप्लेजुङदेखि पश्चिमको कञ्चनपुरसम्म भारतले सीमा मिच्ने काम गरिरहेको छ। अहिले मात्रै होइन वर्षैदेखि भारतको हेपाहा प्रवृत्ति सीमावर्ती क्षेत्रमा नेपाली जनताले भोग्दै आइरहेका छन्। भारतले नयाँ नक्सामा देखाएको कालापानी, लिपुलेक र लिम्पियाधुरा सुदुरपश्चिम प्रदेशको पहाडी जिल्ला दार्चुलामा पर्दछ। तर, सीमा विवाद सुदुरपश्चिमको मात्रै नभएर अहिले देशव्यापी रुपमा ठूलो समस्याको रुपमा खडा भएको छ। दार्चुलामा मात्रै होइन भारतले पूर्वका झापा, इलाम, पाँचथर र ताप्लेजुङमा समेत सीमा अतिक्रमण गरिरहेको छ।

हुन त भारतले यसबर्ष मात्रै नेपालको भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरामा आँखा लगाएको होइन। उसले विगतदेखि नै नेपालको भूमिमाथि आँखा लगाउँदै आएको छ। कुनैबेला पूर्वमा टिष्टादेखि पश्चिममा काँकडासम्म फैलिएको नेपाली भूमि अहिले बर्षेनि खुम्चिँदै मेची र महाकालीमा सीमित बनेको छ भने भारतीय पक्षले थोरै-थोरै गर्दै पटक-पटक नेपाली भूमिमाथि अतिक्रमण गर्दै आएको छ। झापामा हजारौं विगाह जमिन भारतले लगिसकेको छ। पहाडी जिल्लाका पर्यटकीय क्षेत्रमा समेत भारतले आँखा गाडी सकेको छ।

भारतको यस्तो खुल्ला हस्तक्षेपका कारण नेपालीहरुले निकै दुःख तथा सास्ती भोग्नुका साथै विभिन्न सीमा क्षेत्रमा भइरहने झगडाका कारण कयौं नेपालीहरुले ज्यान गुमाउँदा समेत नेपाली शासक भारतको हेपाहा प्रवृत्तिको विरोधमा बोल्न सकिरहेका छैनन्। साथै नेपाली नागरिकहरु आफ्नै भूमिमा बसेर भारतीय नागरिक बन्नुपर्ने बाध्यतामा छन् भने नेपाल भारत सीमा क्षेत्रमा भारतको केन्द्रीय सरकार वा प्रदेश सरकारको नीति अनुरुप नै सन्धी सम्झौता विपरीत गैरजिम्मेवारी तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनविरुद्धका कार्यहरु हुँदै आएका छन्। जस अन्तर्गत सीमा मिच्ने, सीमा क्षेत्रमा बसोबास गर्नेलाई डर, धाक, धम्की देखाउने, महिलालाई अभद्र व्यवहार गर्ने, सीमा भएर आवतजावत गर्ने यात्रु र व्यापारीलाई भन्सार तथा अन्य काममा दुःख दिने, जंगे पिलर सार्ने वा गायब गर्ने, अनाधिकृत रुपमा सडक निर्माण गर्ने, कुटपिट तथा हत्या गरिदिने, खेतीपाती जफत गर्ने लगायतका घटनाहरु भइरहेका छन्।

भारतले आफ्नो स्वार्थ अनुसार बोल्दा समेत चुँइक्क नबोल्ने नेताहरुले नेपालमा चुनावताका भने राष्ट्रियताका मुद्दालाई उचाल्ने गरेको पाइँदैन। नेताहरु मात्रै दोषी देखिन्न यहाँ जनता समेत त्यत्तिकै जिम्मेवार हुनुपर्ने हो तर यहाँ मधेसीलाई नेपाली नै नठान्ने साँघुरो सोचाईका कारण समेत समस्या आइरहेको छ। हिमाल, पहाड र तराईका यस्तो भू-भाग मिलेको देश विश्वमै छैन। सानो भए पनि स्वर्गको टुक्रा झैं रहेको नेपालको अस्तित्व बचाउन अब फेरि एकपटक नेपालीले आफ्नो राष्ट्रियता देखाउन जरुरी छ। सन् १८१६को सुगौली सन्धी अनुसार कालापानी र लिपुलेक मात्रै होइन, लिम्पियाधुरा समेत नेपालको हो। सन् १८५६ सम्मको नक्सामा नेपालको सीमाना कालीनदी नै उल्लेख छ र त्यो नक्सा हाम्रो बलियो प्रमाण हो। त्यस्तै हामीले इष्टइण्डिया कम्पनीसँग सन्धि गरेको इतिहासले छर्लङ्ग बनाएको छ। त्यसैले ब्रिटिस सर्भेयर जनरल अफ इण्डियाको नक्सा खोज्नुपर्दछ र भारतले त्यो नक्सा निकालेन भने बेलायतसँग हुनसक्छ। सरकारले पश्चिमतर्फको नक्सालाई सुगौली सन्धि र नदी विज्ञानको आधारमा लिम्पियाधुराको नक्सा समेटेर नेपालको औपचारिक नक्सा सार्वजनिक गर्नुपर्दछ। सरकारको नीति तथा कार्यक्रममा गत शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भूमि भएको र नेपालले छिट्टै आफ्नो आधिकारिक नेपालको नक्सा सार्वजनिक गर्ने बताइन्। यो नेपाल र नेपालीका लागि आशाको किरण हो। सोही अनुसार सरकारले सोमबार नेपालको नयाँ नक्सा जारी गरेको छ।



विगतमा गरिएका कतिपय सन्धि र सम्झौताकै कारण नेपालले भारतको हेपाहा प्रवृत्ति सहनुपरिरहेको छ। अब राष्ट्रियताको सवालमा सबै दलहरु एक ठाउँमा उभिन जरुरी छ। भारतलाई कश्मिरको जति माया छ त्योभन्दा धेरै माया नेपालीलाई नेपालको जमिनको छ भन्ने आभाष दिलाउन जरुरी छ। विश्व कोरोनाको महामारीसंग जुधिरहेका बेला नेपालमा पनि पनि यसको संक्रमण देखिएर कसरी बच्ने भन्नेमा ध्यान केन्द्रित भइरहेकाबेला भारतले आफ्नो दाउ हेर्दै नेपाली भूमिका सडक निर्माण गरेर देशभक्त नेपालीलाई पीडामाथि पीडा दिने काम गरेको छ। अप्ठ्यारो परेको बेला दाउ हेर्ने काम भारतले विगतदेखि नै गर्दै आइरहेकै हो। देशको रक्षाका निम्ति सरकारले कठोर भएर अघि बढ्न जरुरी छ यो बेला जनताले सरकारका हरेक कामलाई साथ दिनेछन्। तर, बिडम्वना हाम्रा प्रधानमन्त्री केपी शर्मा ओलीलाई सडक खनेको कुरै थाहा छैन्। सरकार प्रमुख भएर कहाँ के हुदैछ भन्ने थाह नपाउनु अत्यन्त लाजमर्दो कुरा हो।

ढिलै भए पनि प्रधानमन्त्रीले जानकारी पाइसक्नुभएको छ। अब त यो विषयलाई भारतीय समकक्षीसँग कुरा गर्नुपर्‍यो तिम्रो हेपाहा प्रवृत्तिविरुद्ध सबै नेपाली एक छौं भनेर। रक्षामन्त्रालय अन्तर्गत रहेको नेपाली सेना यो अवस्थामा एक शब्द बोल्दैन। कहाँ ठेक्का पर्ने र कहाँ के गर्ने दाउ मात्रै हेर्ने सेनाले मुलुकको रक्षा गर्न सक्दैन भने किन चाहियो नेपाली सेना विघठन गरिदिए हुन्छ। भारतीय सेना प्रमुखले नेपाली जमिन होइन भारतको हो भनेर अभिव्यक्ति दिइसक्दा समेत चुइक्क नबोल्ने सेनालाई अब कस्तो उपयुक्त समय चाहियो। नेताको निर्देशनमा रमाउने सेना सीमा रक्षाभन्दा पनि व्यापारमा सक्रिय देखिएको छ। नागरिकले लगाएको पोशाक खोल्न तम्सिने सेनाले सीमा मिच्दा भने एक शब्द बोल्न सक्दैन। यदि देशको रक्षा गर्छु भनेर सिन्दुर पहिरिएको हो भने देशको सीमा मिच्दा टुलुटुलु हेर्न तिमीलाई कुन नैतिकताले दियो ? आखिर नागरिकको पोशाक मिल्दा तिमीलाई चित्त दुख्यो तर सीमा मिच्दा तिमीलाई वास्ता छैन।

कुटनीतिक तवरबाट कुरा राख्दा भारतले अटेर गरे नेपालको नक्सासहित नेपालको सीमा विवादलाई अन्तर्राष्ट्रियकरण गरौं। आखिर हिजो पनि नाकाबन्दी सहेकै हो फेरि पनि सहौंला तर नेपाली भूमि फिर्ता गराएरै छाडौं। सीमाको विषयमा एक शब्द नबोल्ने चीनलाई पनि सरकारले सोध्न जरुरी छ। आखिर तिम्रो सहमति बिना कसरी लिपुलेकको विषयमा सम्झौता गर्‍यौ भनेर ? सन् २०१५, मे १५मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणमा जाँदा भारत र चीनबीच कालापानी र लिपुलेक भञ्ज्याङ सडक बिस्तारसहित त्रिदेशीय व्यापार सम्झौता भएको थियो। तर नेपालका प्रधानमन्त्री केपी शर्मा ओली २०७५ साल असारमा चीन जाँदा यो विषय उठान भएको थियो। अब त सोध्नुहोस् प्रधानमन्त्रीज्यू नेपाललाई जानकारी नै नदिई कसरी भयो यस्तो सहमति भनेर ? यदी दुई देशलाई व्यापार मात्रै हेरेको भए अब नेपाली जनता सीमा मिच्नेविरुद्ध जरुक्क उठ्ने छन् त्यसले तेस्रो विश्वयुद्धको खतरा हुनसक्नेतर्फ भारत र चीनलाई सजग गराउन जरुरी छ। सरकारले ठोस रुपमा कदम उठाए भूमि फिर्ताका जनता जस्तोसुकै त्याग गर्न तयार छन्।

## दक्षिण कोरियामा २० लाख बेरोजगार

**दक्षिण कोरिया, जेठ ६।** दक्षिण कोरियामा गएको चार महिनादेखि बेरोजगारीको संख्या निरन्तर उकालो लाग्दै हालसम्म २० लाख नाघेको छ।

जनवरीदेखि अप्रिलसम्मको आकँडा अनुसार यति धेरै बोरोजगारी भएको सन् २०००देखि यताकै उच्च हो। कोरोना भाइरस महामारीका कारण व्यापार व्यवसायमा परेको नकारात्मक मन्दी, सामाजिक दूरी बनाउनुपर्ने बाध्यता र आन्तरिक तथा बाह्य निर्यातमा उच्च गिरावट आएसँगै यो संख्या बढेको हो।

कोरोना भाइरस महामारीका कारण पार्टटाइम रोजगारी गर्ने अधिकांशको रोजगारी गुम्नुका साथै पूर्णकालिन रोजगारी गर्नेहरूको समेत काम घटेर बेरोजगार हुनुपर्ने बाध्यता आइलागेको छ। विशेषतः सेवा क्षेत्र, उत्पादनमूलक क्षेत्र, होटल तथा पर्यटकीय क्षेत्रमा रोजगारी गुमाउनेको संख्यामा अत्यधिक वृद्धि भइरहेको छ। बेरोजगारीको अर्को महत्वपूर्ण कारण निर्यातमा उच्च गिरावट हुनु हो। फेब्रुअरीदेखि कोरोना महामारी देखिएसँगै निर्यातदर घटेको थियो। गत अप्रिलमा २४.३ प्रतिशतले घटेको निर्यात मे महिनामा अझ घटेर ४६.५ प्रतिशतमा आइपुगेको छ।

यसरी उत्पादित समानको निर्यात गर्न नसक्दा अधिकांश कम्पनीको उत्पादन घट्नुका साथै कर्मचारी कटौतीमा समेत उल्लेख्य वृद्धि हुन थालेपछि बेरोजगारीको संख्या ह्वात्तै बढेको हो। यसरी बेरोजगारी दर बढेपछि रोजगारीको सिलसिलामा कोरिया आइपुगेका नेपालीहरूमाथि पनि प्रभाव देखिन थालेको छ। नेपालीले काम गर्ने केही कम्पनीमा काम घटेपछि न्यूनतम काम पनि हुन नसकेको, सिफ्ट छुट्याएर दुई-दुई हप्तामा पालो गर्दै काम गर्नुपरेको र इच्छाविपरीत पनि बिदा बस्नुपर्ने बाध्यता रहेको बताउँछन्।

# कोरोनाबाट विश्वभर ४९ लाख संक्रमित



**जेनेभा, जेठ ६।** कोरोनाभाइरसका कारण विश्वभर ३ लाख २० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ४९ लाख पुगेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार मंगलबार मध्यान्हसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ८८ हजार ८५८ जना नयाँ संक्रमित भेटिएका छन्। यसअघि अघिल्लो २४ घण्टामा विश्वमा ८२ हजार २५७ जना नयाँ संक्रमित भेटिएका थिए। विगत २४ घण्टामा विश्वभर ३ हजार ४४५ जनाको ज्यान गएको छ।

प्राप्त समाचार अनुसार विश्वभर करिब ४४ हजार ७६५ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २६ लाख २० हजारको स्वास्थ्य अवस्था सामान्य छ।

युरोपेली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। पछिल्लो विवरण अनुसार बेलायतमा ३४ हजार ७९६ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ। पछिल्लो २४ घण्टामा अमेरिकामा एक हजार व्यक्तिको मृत्यु भएको छ। योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९१ हजार ९८१ पुगेको छ।

कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्समा २४ घण्टाको अवधिमा अघिल्लो दिनको झैं सामान्य रहेको छ। विगत २४ घण्टामा इटालीमा ९९, स्पेनमा ५९ र फ्रान्समा ७५३ जनाको ज्यान गएको छ।

दक्षिण अमेरिकी देशहरुमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रुपमा देखिएको ब्राजिलमा १६ हजार ८५३ जनाको मृत्यु भइसकेको छ। विगत २४ घण्टामा ब्राजिलमा ७३५ जनाको ज्यान गएको छ।

## भारतमा संक्रमितको संख्या १ लाख नाघ्यो

**भारत, जेठ ६।** भारतमा ४ हजार ९७० जना कोरोना भाइरस संक्रमित थपिएका छन्। यसैसँगै भारतमा मंगलबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख नाघेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतमा सोमबार एकै दिनमा १३४ कोरोना भाइरस संक्रमितको मृत्यु भएपछि भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार १६३ जना पुगेको छ। यसको संक्रमितको संख्या १ लाख १ हजार १३९ पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ३९ हजार १७४ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। कोभिड-१९बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यमा नागरिक संक्रमित भएका छन्। यहाँमात्र ३५ हजार ५८ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्। कोरोनाको संक्रमणबाट महाराष्ट्रमा १ हजार २४९ जनाको मृत्यु भएको छ।

महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ। त्यहाँ ११ हजार ७६० जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा ११ हजार ७४५ संक्रमित रहेका छन्

## थाई एयरवेजमा आर्थिक संकट

**बैंकक, जेठ ६।** थाइल्याण्डको राष्ट्रिय ध्वजाबाहक थाई एयरवेज इन्टरनेशनलले आफ्नो व्यावसायिक योजनामा फेरबदल गर्नेगरी थाइल्याण्डको एक अदालतमा निवेदन दिएको छ।

सरकारका एक प्रवक्ता नारुमोन पिन्योसिनवातले थाई एयरवेजको प्रस्तावलाई मन्त्रिपरिषदको स्वीकृतिका लागि मंगलबार पेश गरिने जानकारी दिए। यद्यपी उनले प्रस्तावित कार्ययोजनाका बारेमा विस्तृत रुपमा बताउन चाहेनन्। थाई एयरवेजले कोरोनाभाइरसका कारण यात्रा र पर्यटन क्षेत्रमा ठूलो संकट उत्पन्न हुनुअघि नै आर्थिक समस्या झेल्दै आएको थियो। थाई एयरले सरकारबाट १ अर्ब ७० करोड अमेरिकी डलर ऋणका लागि प्रस्ताव गरेको छ। प्रस्तावित योजना कार्यान्वयनमा आए थाई एयरवेजमा सरकारको लगानी ५० प्रतिशतभन्दा कम हुनेछ, र यसले निजीकरणतर्फ अग्रसर गर्नेछ। उद्धारका विकल्पहरुमध्ये खासगरी कर्मचारी, विमान संख्या र उडानहरु कटौती हुनेछन्।

थाई एयरवेजले सन् २०१९मा ३७ करोड ४३ लाख, सन् २०१८मा ३६ करोड १९ लाख तथा सन् २०१७ मा ६ करोड ५८ लाख अमेरिकी डलर नोक्सानी व्यहोरेको थियो। संचार माध्यमहरुले थाई एयरवेजमा ९ अर्ब ४० करोड डलर ऋणभार रहेको बताएका छन्।

थाई एयरवेजले कोरोनाभाइरस महामारीका कारण अप्रिलको शुरुदेखि नै सबै उडान बन्द गरेको छ। विमान सेवामा कार्यरत अधिकांश कर्मचारीलाई तलब घटाएर विदामा बस्न बाध्य पारिएको छ। सरकारले गत साता अन्तर्राष्ट्रिय उडानबाट थाइल्याण्ड आउन आगामी जुनको अन्त्यसम्म रोक्ने घोषणा गरिसकेको छ।



**ध्यान धान खेतीमाः** झापाको बिर्तामोड-९स्थित एक कृषक धानको बीऊ राख्न ब्याडको तयारी गर्दै । कोरोना भाइरसका कारण सबै क्षेत्र आक्रान्त भइरहेको बेला कृषिकर्मका लागि किसानलाई भने केही सहजता छ । **तस्वीरः रत्नबहादुर बस्नेत/पूर्वाञ्चल**

# बन्दाबन्दीमा पनि धमाधम सडक निर्माण

**झापा, जेठ ६।** कोरोना भाइरसको संक्रमणका कारण मुलुक अहिले बन्दाबन्दीमा छ ।

झण्डै दुई महिनादेखि बन्दाबन्दी हुँदा मानिसको आवतजावतसहित सबै क्षेत्रको काम समेत ठप्प छन् । तर, झापाको बाह्रदशी गाउँपालिकामा भने बन्दाबन्दीको यो अवधिमा बिकास निर्माणका कामलाई तीब्रता दिइएको छ ।

अहिले कनकाई नगरपालिका-९ र बाह्रदशी गाउँपालिका-७को सीमाना लकडीगद्दी चौकदेखि बाह्रदशी गाउँपालिका-४को राधानगरसम्मको ११.५ किलोमिटर सडकको निर्माणकार्य धमाधम हुँदैछ । बन्दाबन्दीको यो समयमा निर्माण कम्पनीले सडक निर्माण कार्यलाई तीब्रता दिएसँगै सडक निर्माणको काम तीब्ररुपमा अघि बढेको हो ।

प्रदेश नम्बर १ अन्तर्गत मुख्यमन्त्री सडक परियोजनाको ७६ लाख रुपैयाँ र बाह्रदशी गाउँपालिकाको १९ लाख गरी ९६ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न हुने सडकको पहिलो चरणमा सातसय ५० किलोमिटर सडक कालोपत्रे हुँदैछ भने लकडीगद्दी नजिकै रहेको होलीमा कज्वे निर्माणको काम भइरहेको बाह्रदशी गाउँपालिका ७ का वडाध्यक्ष मित्रराज भट्टराईले बताए । उनका अनुसार सडक निर्माणसंगै यस क्षेत्रका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने भएका छन् ।

लामो समयदेखि यस क्षेत्रका स्थानीयवासीलाई वर्षायाममा हिँड्डुल गर्न समेत समस्या भएपछि गाउँपालिकाको विशेष पहलमा प्रदेश सरकारको सहयोगमा सडक निर्माण गर्न लागिएको अध्यक्ष भट्टराईले बताए । असार मसान्तसम्ममा सडक निर्माणको काम सम्पन्न गर्नुपर्ने भएपछि निर्माण कम्पनीले समेत सडक निर्माण कार्यलाई तीब्रता दिएको अध्यक्ष भट्टराईको भनाइ छ ।

सडक निर्माणसंगै कनकाई नगरपालिका-९का स्थानीयवासी र बाह्रदशी गाउँपालिकावासीलाई प्रत्यक्ष फाइदा पुग्ने बताइएको छ । सडक निर्माण कार्य शुरु भएसँगै त्यस क्षेत्रका स्थानीयवासी समेत हर्षित छन् । कनकाई नगरपालिका-९का लखिराम मुर्मूले सडक निर्माण भएसँगै यसठाउँमा बस्ती बस्ने र जमिनको मूल्य समेत आकाशिने भन्दै खुशी व्यक्त गरे । उनले भने- २०६० सालमा विरीङ नदीमा आएको बाढी बस्ती पस्ता होली भरिएर यहाँको वस्ती नै उठाएको थियो, सडक निर्माण र कज्वे बनेपछि विस्थापितहरु पनि यही ठाउँमा आएर बस्ने भएका छन् ।

नाम मात्रैको बाटो भएका कारण वर्षायाममा हिँड्डुल गर्न समस्या हुने गरेको बताउँदै स्थानीय दशरथ मलाहले भने- सडक निर्माणसंगै अब गाउँको मुहार नै फेरिन्छ । उठेका वस्ती फेरि बस्छन् अनि खेतीपाती गर्न जान समेत सहज हुन्छ भने आफूले उत्पादन गरेका बस्तु बजार पुर्‍याउन समेत सहज हुने भएको छ ।



वहुवर्षीय योजना अन्तरगत निर्माण भइरहेको सडक निर्माणको काम असार २० /२१ भित्र सम्पन्न गर्नुपर्ने भएकाले लकडाउनको यो अवधिमा पनि त्रासका बीच सुरक्षा सचेतना अपनाएर आफूहरुले सडक निर्माणको काम गरिरहेको सिद्धार्थ सृष्टि कन्ट्रक्सनका अध्यक्ष किरण मैनालीले बताए । उनले सडक निर्माणको काम समयमै सम्पन्न गर्ने बताए । बाह्रदशी गाउँपालिकाले योसँगै अन्य बिकास निर्माणका कामलाई तीब्रता दिएको छ ।

# चौकी निर्माण अन्तिम चरणमा

युद्धबहादुर बोहोरा

**पाँचथर, जेठ ६।** जिल्लाको फाल्गुनन्द गाउँपालिका-५, घुर्बिसे पञ्चमीमा निर्माणाधीन प्रहरी चौकी फाक्तेपको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

प्रदेश सरकारबाट उपलब्ध एक करोड २५ लाख ४२ हजार दुई सय ४६ रुपैयाँ लागतमा गत वर्ष असोज महिनाबाट तीन रोपनी क्षेत्रभित्र निर्माण सम्पन्न गर्ने गरि जीआरडी प्रालिले ठेक्का लिएको हो ।

दुई तला आधाको ११ कोठे भवनको हालसम्म करिव ७० प्रतिशत काम सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधिद्वय सारानाथ पोखेल र टीका बोहोराले जानकारी दिए ।

उनीहरुले भने- यो हप्तामा माथिल्लो भागको ढलान गर्ने तयारीमा छौं । अन्य



भागमा प्लाष्टर, पाइप लाइन, विद्युत् तथा झ्याल ढोकाको केही काम हुँदैछ । यही जेष्ठ ११ गते काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौतामा गरेको भएता पनि विश्व महामारीसँगै नेपालमा पनि बन्दाबन्दीले सामग्री ढुवानी कठिन हुँदा निरन्तर काम गर्न असहज भएको उनीहरुले बताएका छन् । दिनदिनै प्रकोपको अवस्था जटिल भएकोले सम्झौताको समय अवधि समाप्तपछि सरोकारवाला निकायसंग समन्वय गरी ५२ दिन म्याद थपिएको उनीहरुको भनाइ छ ।

यस अघि छिमेकी जिल्ला इलामका केही वडाका कार्यालय भवन र स्वास्थ्य चौकी भवन लगाय अन्य थुप्रै आयोजनाहरु समयमै सम्पन्न गरी जिम्मा लगाएको निर्माण कम्पनीले दावी गरेको छ ।

यस ठाउँको प्रहरी चौकी लामो समय देखि भाडाको घरमा रहेको र कार्यालयका हरेक काममा कठिन भएको स्थानीय आवश्यकता र गुनासोलाई सम्बोधन गर्दै १ नम्बर प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्वोले आफ्नो गृह जिल्लामा कार्यालय, व्यारेक, शौचालय र सकपिटसहित चौकी भवन निर्माण गर्न बजेट उपलब्ध गराएको स्थानीय बिरनरसिंह चेम्जोङ्गले बताए ।

# चक्रवात अंपुनको प्रभावले मेघ गर्जनसहित वर्षाको सम्भावना

**झापा, जेठ ६।** चक्रवात अंपुनको प्रभावले आगामी तीन दिन देशभरि बदली रही मेघगर्जनसहित वर्षाको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

दक्षिण बङ्गालको खाडीको मध्यभागमा अंपुन शक्तिशाली चक्रवात धेरै शक्तिशाली चक्रवातका रूपमा विकसित भइसकेको छ । उक्त चक्रवात अझ शक्तिशाली हुने क्रममा पूर्वी नेपालको मौसम बदली हुने जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार बुधबारदेखि अंपुन चक्रवातको प्रभावले देशैभरि बदली भइ केही स्थानमा वर्षाको साथै उच्च हिमाली क्षेत्रमा हल्कादेखि मध्यम हिमपात र एक-दुई स्थानमा भारी हिमपात समेत हुनसक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ ।

उक्त प्रणालीको प्रभावले बुधबारदेखि देशैभरि बदली भइ मेघगर्जनसहित वर्षाको सम्भावना रहेको मौसमविद् प्रतिभा मानन्धरले बताइन् । शुक्रबारसम्म देशभर सो प्रणालीको प्रभावले वर्षा हुने र वर्षा प्रिमनसुनको जस्तो भइ निरन्तर भइरहने छ- मौसमविद् मानन्धरले भनिन् ।

देशको पूर्वी र मध्य भूभागमा आंशिकदेखि सामान्य बदली रही पश्चिमी भूभागका केही स्थानमा आंशिक बदली रहेको छ । दिउँसो देशको पूर्वी र मध्य भूभागमा आंशिकदेखि सामान्य बदली रही पश्चिमी भूभागका केही स्थानमा आंशिक बदली रही मध्य तथा पूर्वी भूभागका एक-दुई स्थानमा मेघगर्जनसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

बुधबार देशको मध्य तथा पूर्वी भूभागमा सामान्य बदली रही मध्य र पूर्वी भूभागका केही स्थानमा मेघगर्जनसहित हल्का वर्षाको सम्भावना रहेको बताइएको छ । बिहीबार देशको मध्य तथा पूर्वी भूभागमा पूर्ण बदली भई मध्य र पूर्वी केही स्थान तथा पश्चिमका एक-दुई स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

# ठक्करबाट दुई जना बालकको मृत्यु

**बिराटनगर, जेठ ६।** मोरङ र झापाका दुई स्थानमा भएको सवारी दुर्घटनामा परी दुई जना बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोरङको ग्रामथान गाउँपालिका-४ मोतिपुर बस्ने पंकज झाको २ बर्षीय छोरा निखिल झा र झापाको बिर्तामोड नगरपालिका-१०का धिरेन राईको ४ बर्षीय छोरा सुदेन राई रहेका छन् ।

झालाई मोरङको मोतिपुरस्थित भित्री सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको ना४ख ६३७४ नम्बरको ट्र्याक्टरले ठक्कर दिँदा घाइते भई उपचारको लागि नोबेल अस्पताल पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको थियो ।

यसैगरी झापाको बिर्तामोड नगरपालिका-१० सैनिक मोडबाट बजारतर्फ जाँदै गरेको मे१च ५६०२ नम्बरको गाडीले ठक्कर दिँदा घाईते भएका राईलाई उपचारको लागि झापाको वीएण्डसी अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ । दुबै घटनाका सवारी साधन तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# अलपत्र नेपालीलाई ल्याउन प्रवेशद्वार र होल्डिङ क्षेत्र तोकियो

**गौरीगञ्ज, जेठ ६।** भारत तथा अन्य मुलुकमा अलपत्र परेका नेपाली नागरिकलाई गौरीगञ्ज नाका हुँदै ल्याउन तीन स्थानलाई प्रवेशद्वार तथा होल्डिङ क्षेत्र तोकिएको छ ।

गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको अध्यक्षतामा गौरीगञ्ज गाउँपालिकासंग जोडिएको कमल गाउँपालिका, शिवसताक्षी नगरपालिका र गौरादह नगरपालिकाका जनप्रतिनिधि, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसहित बसेको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकमा गौरीगञ्ज गाउँपालिका वडा नं. ५को फत्तेपुर नाकाको जनता आधारभूत विद्यालय, गौरीगञ्ज गाउँपालिका वार्ड नं. ४ को अल्तावारी (वैरिया) नाकाको उत्तरपट्टिको क्षेत्र र गौरीगञ्ज गाउँपालिका वार्ड नं. १ कुञ्जिवारी भन्सार दक्षिण सशस्त्र प्रहरीको पोष्ट रहेको डाकुपाडा नाकालाई प्रवेशद्वार कायम गरी सोही स्थानको उत्तरपट्टिको स्थानलाई होल्डिङ क्षेत्रको रुपमा राख्ने निर्णय भएको छ ।

कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि सरकारले चैत ११ गतेदेखि सीमा शिल नै गरेको थियो । लकडाउनका कारण सीमा क्षेत्रमा अलपत्र परेका नेपाली नागरिकलाई उद्धार गर्ने जिल्ला समन्वय समिति झापाले निर्णय गरेपछि सोही अनुसार गौरीगञ्ज गाउँपालिकाले निर्णय गरेको हो ।

गौरीगञ्ज गाउँपालिकाको नागरिकको हकमा गौरीगञ्ज गाउँपालिका वार्ड नं. ६मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको भवन र वार्ड नं. ३ मा रहेको गौरीगञ्ज बहुमुखी क्याम्पसलाई क्वारेन्टाइनको रुपमा व्यवस्थापन गर्ने र अन्य पालिकाको हकमा सम्बन्धित पालिकाले नै निर्माण गरेको क्वारेन्टाइनमा व्यवस्था गर्ने गरी निर्णय भएको गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष श्रेष्ठले जानकारी गराएका छन् ।

रोजगारी तथा अध्ययनका लागि भारत पुगेका घर फर्कन चाहने र सीमा क्षेत्रमा अलपत्र परेका नेपाली नागरिकहरुले गौरीगञ्ज नाका हुँदै आउँदा तिनका परिवारले गाउँपालिकाको जनप्रतिनिधि वा सम्बन्धित गाउँपालिकाको सुरक्षा निकायलाई सम्पूर्ण विवरण उपलब्ध गराउनुपर्ने छ ।

गौरीगञ्ज गाउँपालिकामा घर भइ अध्ययन तथा रोजगारीका क्रममा भारत तथा अन्य मुलुकमा करिब ६ सय जना रहेको प्रहरीको तथ्यांक छ । यो तथ्यांक गौरीगञ्ज गाउँपालिका वार्ड नं. ४, २, ३ र ६ को हो । अन्य वडाको विवरण संकलन भइरहेको प्रहरीले जनाएको छ । यीमध्ये करिब ३ सय जनाको हाराहारीमा भारतमा रोजगारीका क्रममा गएको प्रहरीको तथ्यांकले देखाएको छ ।


पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् । 'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

हिजोको सूनचाँदीको भाऊ

छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिँड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साँझदेखि साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला । बेसुरमा काम गर्दा दुस्ख पाइनेछ । पुरानो गतिले पनि काम बिग्रन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** परिस्थितिको बन्धनले पनि स्वतन्त्रतामा बाधा पुर्‍याउला । साँझदेखि स्थितिमा सुधार आउनाले नयाँ मार्गतर्फ अग्रसर भइनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार बढ्नाले लाभ हुनेछ । कामको लगावले मनग्गे धन आर्जन हुनेछ । विभिन्न भौतिक साधन संग्रह गर्ने अवसर प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि भूलवश काममा बाधा होला । बेसुरको निर्णयले समस्या निम्त्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** शुभचिन्तकहरूले अप्ठ्यारो पर्दा साथ दिनेछन् । दोहोर्‍याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ । प्रयत्न जारी राख्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बिछोडिएका आफन्तजनसँग भेटघाटको अवसर जुट्नेछ । लगनशीलाताले स्थितिमा सुधार आई दैनिकीमा पनि परिवर्तन आउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । अरूको विश्वासमा पर्दा धोका हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ । साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्वाकांक्षी काम गर्न सफल भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।